DOI: https://doi.org/10.3126/cognition.v8i1.89773

# विसङ्गतिवादी आलोकमा 'यस धरतीको पानीमा' कविता

उपप्रा. चतुर्भुजलाल दास केवरत[१]

***शोधसार***

*प्रस्तुत लेख कवि विजय मल्लको विसङ्गतिवादी आलोकमा 'यस धरतीको पानीमा कविता' शीर्षकमा केन्द्रित रहेको छ । विसङ्गतिवादमा जीवनलाई यस संसारमा इच्छा विपरीत फ्याँकिएको अर्थमा लिइन्छ । यसअन्तर्गत जीवनलाई मूल्यहीन रूपमा लिएर अर्थ्याउने काम गरिन्छ । प्रस्तुत अध्ययनका लागि फ्रान्सेली विसङ्गतिवादी चिन्तक अल्वर्ट कामुको विसङ्गतिवादी सिद्धान्तलाई मूल आधार बनाइएको छ । कवि मल्लले तत्कालीन समयमा वैश्विक परिवेशमा दोस्रो विश्व युद्धोत्तर कालमा मानव समुदायमा युद्धको सन्त्रास कायम रहेको सन्दर्भलाई केन्द्रीय कथ्यका रूपमा उठान गरेका छन् । युद्ध, आतङ्क, आक्रमण, बम विस्फोटन, आगजनी, मारकाटका परिप्रेक्ष्यमा मानवजीवन र मानवीय मूल्य-मान्यताका ह्रास भएकाले कवि मानवजीवनलाई निस्सार देख्तछन् । विसङ्गतिवादमा मानव जीवनका असङ्गतिका विविध पक्षहरूको बारेमा अध्ययन विश्लेषण गरिन्छ । प्रस्तुत विश्लेषणमा विसङ्गतिवाद बोध गराउने सन्त्रासको अभिव्यक्ति, दिक्दारीपनको अनुभूति, व्याकुलताको बोध र विवशताको चेतका उपशीर्षकलाई विश्लेषणको ढाँचा मानी यिनै उपशीर्षकभित्र विवेच्य कविताको व्याख्या गरिएको छ । विजय मल्लको यस धरतीको पानीमा कविताको विसङ्गतिवादी दृष्टिकोणबाट हालसम्म अध्ययन नभएको परिप्रेक्ष्यमा यसमा केन्द्रित भएर अध्ययन गरिनु औचित्यपूर्ण ठान्दै अनुसन्धेय जिज्ञासाको समाधान निकालिएको छ । द्वितीय विश्व युद्धका कारण तत्कालीन वैश्विक परिवेश भयाक्रान्त अवस्थामा रहेकाले कवि मल्लले मानवजीवनलाई तुच्छ र निरीह अनुभूत गरेर सोही रूपमा प्रस्तुत गरेका छन् । तत्कालीन वैश्विक परिवेश हत्या, हिंसा, आगजनी, आक्रमण, मारकाट आदिका कारणले निस्सार अवस्थामा पुगेकाले प्रस्तुत कविता विसङ्गतिवादी दृष्टिकोणबाट कलात्मक र ओजपूर्ण बन्न गएको छ ।*

**शब्दकुञ्जी** : एक्लोपन, निस्सारता, पृथक्‌ताबोध, मृत्युबोध, शून्यता ।

## विषयपरिचय

विसङ्गतिवादले मानव जीवनलाई निरर्थक ठान्दछ । यस वादमा मानवको जन्म निस्प्रयोजनीय ठानिनुका साथै जीवनमा असङ्गति, निराशा र निस्सारताको बोध गरिन्छ । विसङ्गतिवादी कवितामा मानव समाजमा देखिएका असङ्गत पक्षको उद्‌बोधनलाई विषयवस्तुका रूपमा प्रयोग गरिन्छ । कवि विजय मल्लद्वारा सृजित 'यस धरतीको पानीमा' विसङ्गतिबोध भएको कविता हो । प्रस्तुत कविता उनको विजय मल्लका कविता (२०२८/२०६३) मा सङ्गृहीत छ । विजय मल्लको यस धरतीको पानीमा कवितामा विसङ्गतिवादी दृष्टिकोण

१. पाटन संयुक्त क्याम्पस, त्रिभुवन विश्वविद्यालय, Email: cldkewrat@gmail.com, ORCID ID-0009-0002-9401-4413

*Received on Nov. 7, 2025* *Accepted on Dec. 27, 2025* *Published on Jan. 28, 2026*

कसरी अभिव्यञ्जित भएको छ भन्ने जिज्ञासा यस लेखको मुख्य समस्या हो । विसङ्गतिवादको प्रयुक्ति भएका कृतिमा संसारमा मानव अर्थहीन रूपमा बाँचिरहेको सन्दर्भ केलाएर अध्ययन गरिन्छ । उसको जीवन बचाइमा डर, आतङ्क, असुरक्षा र निरर्थकताको अनुभूतिबारे विमर्श गरिन्छ । यस कवितामा दोस्रो विश्वयुद्धोत्तर युगीन सन्त्रासको कलात्मक प्रस्तुति छ । कविले तत्कालीन युद्ध विभीषिकाप्रसूत असहज परिस्थितिमा विश्वभरिका मानिस भयाक्रान्त अवस्थामा बाँचेका र मानवजीवन नै निरीह रहेको तथ्यलाई उद्घाटन गरेका छन् । विवेच्य कवितामा दोस्रो महासमरमा यति धेरै काटमार, हत्या, हिंसा, आगजनी, लुटपाट, घातप्रतिघात भएको थियो कि मानिसहरूले आफ्ना जीवनलाई नै अर्थहीन ठान्न थालेका थिए । त्यतिबेला अत्यधिक बम विस्फोटन र रक्तपातजन्य गतिविधिका कारण धरतीका सबै नदीनाला रक्तिम भएका थिए । संसारभरिका नदीनालाबाट सङ्लो पानीको साटो मानवका रातो रगतले भरिएको बडो डरलाग्दो अवस्थामा पुगेको भयावह अवस्थालाई कविले मार्मिक ढङ्गबाट वर्णन गरेका छन् । तत्कालीन समयमा राष्ट्र राष्ट्रका बिचमा शक्ति प्रदर्शनका लागि भएका होडबाजी र शक्तिको दुरुपयोगका कारण मानिसहरू त्रसित भएर बाँच्न बाध्य रहेका परिस्थितिलाई कवि मल्लले यथार्थपरक किसिमबाट प्रस्तुत गरेका छन् । संसारभरि जताततै हत्या, हिंसा, शस्त्रास्त्रको होडबाजी, मानव समाजमाथि तिनका गलत प्रयोगले गर्दा कविमन साह्रै नै दुःखित बनेको देखिन्छ । विवेच्य कवितामा मानव हत्या, हिंसाजन्य आपराधिक गतिविधिका कारण कविमन छटपटिएको यथार्थ अभिव्यञ्जित छ । कविले जताततै मानव निरीहता, शून्यता र व्यर्थताको अनुभूति गरेर विसङ्गतिको बोध गरेको प्रस्ट छ । कविताको अभ्यन्तरमा मानवका बेइमानी, घात, शक्तिको प्रतिस्पर्धा र दुरुपयोग प्रयुक्त छन् । प्रस्तुत कवितामा दोस्रो विश्वयुद्धपश्चात्को कहालीलाग्दो अवस्थाको सटीक चित्रण गरिएको छ । यसमा मानव जीवनको निरीहता, व्यर्थताका विषयवस्तुको करुण चित्रण गरिएको छ । विजय मल्लको विवेच्य कविताको विसङ्गतिवादी आलोकमा हालसम्म अध्ययन नभएको अन्तराल पत्ता लगाई सोही आधारमा विश्लेषण गरी निष्कर्ष निकाल्नु यस अध्ययनको मौलिक र नवीन कार्य बन्न पुगेको छ । प्रस्तुत लेखमा विजय मल्ल सृजित 'यस धरतीको पानीमा' कविताको विसङ्गतिवादी आलोकमा निरूपण गर्ने लक्ष्य लिइएको छ ।

## अध्ययन विधि

साहित्यिक शोध गुणात्मक प्रकृतिको हो । कविता साहित्यको पुरानो विधा भएकाले यो अनुसन्धान गुणात्मक रहेको छ । प्रस्तुत शीर्षक उद्देश्यमूलक ढङ्गबाट छनोट गरिएको हो । यस अध्ययनमा पुस्तकालयीय कार्यका माध्यमबाट प्राथमिक र द्वितीयक दुवै खालका सामग्रीको सङ्कलन गरिएको छ । कवि विजय मल्लको 'यस धरतीको पानीमा' कवितालाई प्राथमिक सामग्रीका रूपमा प्रयोग गरिएको छ भने कविताका बारेमा पूर्व प्रकाशित लेख, रचना, समीक्षा तथा समालोचना आदि एवम् पाश्चात्य विसङ्गतिवादी सिद्धान्तलाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा पाठमा आधारित विश्लेषण विधिको प्रयोग गरी अर्थापन एवम् सत्यापनका आधारमा ठोस निष्कर्ष निकालिएको छ । विसङ्गतिवादलाई साक्ष्य मानेर विश्लेषण गरी निष्कर्ष निकालिएकाले प्रस्तुत अध्ययन निगमनात्मक विधिमा आधारित रहेको छ ।

## सैद्धान्तिक पर्याधार

विसङ्गतिवादमा मानवजीवनलाई अर्थहीन रूपमा हेरिन्छ । जीवनमा निस्सारताको अनूभूति गरिन्छ । विसङ्गतिवादी चिन्तक अल्बर्ट कामुले मानव जीवनमा लुकेको अर्थहीनतालाई उजागर गरेका छन् । उनले

मान्छेका वैयक्तिक पक्ष र संसारको बिचमा मानव अस्तित्वको कुनै सम्बन्ध नरहेको अभिमत अघि सारेका छन् । अल्बर्ट कामुको 'मिथ अफ सिसिफस' प्रकाशित भएपछि युरोपीय अस्तित्ववादमा अस्वीकारोक्तिको विचार प्रणालीका रूपमा विसङ्गतिवाद देखापरेको हो । उनले अस्तित्ववादका केही दार्शनिक पक्षहरूप्रति अस्वीकारको भाव प्रकट गरे । कामुले विसङ्गति केवल विसङ्गतिको वैचारिकी प्रस्तुत गर्दै मान्छेको सङ्घर्ष र संसारको निरर्थक मौनताबारे आफ्नो मत प्रकट गरेको देखिन्छ (एरिन्ज र ओन्वाटेग्वा, सन् २०२०, पृ.५२९–५३३) । विसङ्गतिवाद पाश्चात्य जीवनजगत्लाई निःसार देख्ने दार्शनिक मान्यता हो । यसका उन्नायक फ्रान्सेली चिन्तक अल्बर्ट कामु  हुन् । दोस्रो विश्वयुद्धपश्चात् जीवनजगत्मा देखापरेको घोर निराशा, कुण्ठा, जीवनको निष्प्रयोजनीयता, पराजित मानसिकताका पृष्ठभूमिमा मानव जीवनजगत्लाई नै अर्थहीन देख्ने यस वादले मानवजीवनको अस्तित्व नभएको अभिमतलाई अघि सार्दछ । विसङ्गतिवाद एक प्रकारको अनास्थावाद र शून्यवाद हो । यसले समस्त जीवनजगत् नै फजुल, वाहियात, निरर्थक, सारहीन, असङ्गत र विसङ्गत कामकुराहरूद्वारा भरिएको देख्तछ । यस वादले मानव जीवनमा कुनै पनि सङ्गति नदेखी मानवजीवनको दिक्कलाग्दो, बोझिलो दृष्टिकोणलाई इङ्गित गर्दछ (जोशी, २०५४, पृ.९४) ।  विसङ्गतिवादले मानव जीवनको कुनै अर्थ नभएको, कुनै अस्तित्व नभएको, मानवलाई एकाकीपन, निराशाको दार्शनिक सिद्धान्तलाई जनाउँदछ । विसङ्गतिवादले दोस्रो विश्वयुद्धको महाविनाशका बेला नरसंहार, रक्तपात, मानवहरू सन्त्रासमय अवस्थामा बाँचेका सन्दर्भलाई इङ्गित गर्दछ (भाँडेकर, सन् २०२३, पृ.सी ४९१) । विसङ्गतिलाई कामुले फरक ढङ्गमा अर्थ्याएका छन्, "कामुको विचारमा विसङ्गतिको जन्म दुई वस्तुको तुलना अथवा सान्निध्यबाट हुन्छ । कुनै क्रिया वा यस क्रियालाई अर्थहीन बनाउने संसार अथवा कुनै वस्तु र त्यसको वास्तविकतासँगको सम्बन्धबाट विसङ्गति निःसृत हुन्छ" (सुवेदी, २०५५, पृ.७५४) । विश्वको दोस्रो महासमरको विभीषिका र तज्जन्य दुस्परिणामका कारण मानवजीवनमा घोर निराशा र जीवनप्रति नै वितृष्णा एवम् अनास्था विश्वव्यापी रूपमा फैलिएको सन्दर्भमा मान्छेले जीवनलाई तुच्छ ठान्न थालेका थिए । विश्वमा लडिएका नरसंहारकारी युद्धका कारण मानवीय मूल्य एवम् मान्यताहरू क्रमशः ह्रासोन्मुख अवस्थामा थिए । युद्ध, आतङ्क, त्रास, मृत्यु आदिका अगाडि मानवजीवन निरीह देखा पर्दछ । यस संसारमा मान्छेको जन्म निष्प्रयोजनीय देखिन्छ अनि ऊ बाँच्नलाई विवश पनि छ । विसङ्गतिवादमा मानवका नकारात्मक पक्षबारे अध्ययन गरिन्छ । यसअन्तर्गत भय, त्रास, निराशा, शून्यता, दुःख, व्यर्थता, व्याकुलता, विसङ्गति, पृथक्ता, तनाव दबाव आदि तत्त्व संलग्न रहन्छन् । विसङ्गत संसारमा एक्लो फ्याँकिएको मान्छे सारहीन छ (त्रिपाठी, २०५८, पृ. १०६) । विसङ्गतिवादमा जीवनजगत् सङ्गति वा सारपूर्ण नभएपछि मान्छेले जीवनलाई खण्डित देख्तछ । मानव जीवनमा देखिएका निराशा, व्यथा, व्याकुलता, शून्यता, निरर्थकता र मृत्युबोधले गर्दा मान्छेले आफूलाई चारैतिर सन्त्रासमा पाउँछ (लामिछाने, २०६३, पृ. २८) । विश्व महायुद्धोत्तर कालमा संसारभरिका मानिसमा भय, अशान्ति र सन्त्रास व्याप्त थियो । त्यसको धेरथोर प्रभाव संसारभरिका सबै राष्ट्रमा परेको थियो । त्यसबाट सर्जक, कलाकर्मीहरू अछुतो रहने कुरै भएन र नेपाली सर्जकमा पनि त्यसको प्रत्यक्ष-परोक्ष प्रभाव पर्न गयो । त्यतिबेलादेखि नै नेपाली साहित्यका विभिन्न विधामा विसङ्गतिवादी दर्शनको प्रयोग हुन थालेको पाइन्छ । नेपाली साहित्यको कविता र कथा विधामा विसङ्गतिवादको प्रभाव परेको पाइन्छ । सन् १९६० देखि १५ वर्षजति लेखिएका आधुनिक कविताहरूमा विसङ्गतिको प्रशस्त प्रभाव परेको पाइन्छ (सुवेदी, २०५५, पृ. ७५४) । विश्वयुद्धका

कारण मानवमा देखापरेका व्याकुलता, निस्सारता, जीवन बचाइको अर्थहीनता, निरीहपना, एक्लोपनालाई विसङ्गतिवादले आफ्नो अध्ययनक्षेत्रभित्र समेट्दछ ।

## विमर्श र परिणाम

विश्वयुद्धप्रसूत भयावह परिस्थितिका सामु चेतनशील प्राणी मानव साह्रै नै निरीह, असहाय र नितान्त एक्लो देखिएको अनि शारीरिक र मानसिक आघात सहन तम्तयार भएर बस्नुपर्ने बाध्यात्मक परिस्थितिलाई यस वादले जनाउँदछ । विसङ्गतिवादमा संसार, मानव समाज कतै पनि सङ्गति देखिँदैन । यस वादमा मानव आफू खुसी नजन्मिई उसको इच्छा विपरीत यस संसारमा निष्प्रयोजनीय फ्याँकिएको छ भन्ने अर्थ लगाइन्छ । जन्मँदै मृत्युको पञ्जामा परिसकेको मानव जीवनको कुनै अर्थ र मूल्य नभएको विसङ्गतिवादी चिन्तकहरूको अभिमत हो । उनीहरू जीवनमा सार भेट्दैनन्, जीवनलाई नै शून्य र निस्सार देख्तछन् । यस वादले जीवनलाई एउटा बोझको रूपमा लिने संसारभरि कतै पनि जीवन मूल्यमान्यताको अर्थ नभएको निष्कर्ष निकाल्छन् । यस वादमा जीवनप्रति घोर निरासा, पलायन, निस्सारताको अनुभूतिलाई आधार बनाएर अध्ययन विश्लेषण गरिन्छ । विसङ्गतिवादीहरू मानव जीवन, समाज र संसार कतै पनि सङ्गति देख्तैनन् र चरम निराशाको अनुभूति गर्दै जीवनमा सङ्घर्षभन्दा पनि पलायनतर्फ उद्दत हुन्छन् । यिनै आलोकमा छनोट गरिएको कविताको निम्नानुसार विमर्श गरी परिणाम निकालिएको छ ।

### सन्त्रासको अभिव्यक्ति

'सन्त्रास' शब्दले मानसिक अवस्थामा उत्पन्न डरको अवस्थालाई जनाउँदछ । मान्छेमा अकारण भयको अवस्था पैदा हुँदैन । सामाजिक वातावरणले मान्छेको मन मस्तिष्कलाई झङ्कृत गर्छ र सामाजिक वातावरणले मानिसलाई प्रभावितसमेत पार्छ । तत्कालीन युद्धोत्तर वैश्विक परिवेशमा विश्वमानवमा डर, त्रास व्याप्त थियो । तिनमा मानसिक आघात परेको अवस्था थियो । सन्त्रासको सम्बन्ध मानवचेतनासँग अन्योन्याश्रित तवरले जोडिएको हुन्छ । यो सामाजिकतासँगसँगै आनुवंशिक पनि हुन्छ । यसलाई मानव मनोदशाको विशेष चिन्तनात्मकतासँग जोडेर पनि हेर्न सकिन्छ । भय र त्रासबाट मान्छेले आफ्नो अस्तित्वको खोजी गर्दछ । मान्छेको उत्साह, बलिदानी विस्तारै हराउँदै जानु, त्रसित हुँदै जानुलाई सन्त्रासले संवहन गर्दछ (शर्मा, सन् १९९१, पृ. ५८) । द्वितीय विश्वयुद्धोत्तर समयमा मानव समाज भयाक्रान्त जीवन बाँचिरहेको अवस्थालाई कवि विजय मल्लले यथार्थपरक किसिमले चित्रण गरेका छन् । युद्ध रोकिए पनि मानिसका मनमनमा एक खालको भय रहेको सन्दर्भलाई कविले यस कवितामार्फत् प्रस्तुत गरेको देखिन्छ । युद्धोपरान्त पनि मानवका मनमा डर, आतङ्क, दग्ध मानसिकताले डेरा जमाएको प्रसङ्गलाई कवि मल्लले यसरी अभिव्यक्त गरेका छन्,

> एक अँजुली पानी
> उठाएर ओठसम्मन्
> जब-जब लान्छु बाग्मतीको
> अकस्मात् बज्र गिरेझैं आकाशबाट

या नजीकैबाट कसैले
फू गरेर मन्त्र फुकेझैँ
या छली रामले बालिलाई हानेझैँ बाण
या शकुन्तलालाई दिएझैँ श्राप दुर्वासाले (मल्ल, २०६३, पृ. १)।

प्रस्तुत साक्ष्यमा कविले धरतीका नदीनालासमेत विषाक्त भइसकेका तथ्यलाई यथार्थ किसिमबाट उद्घाटन गरेका छन्। त्यतिबेला महल, झुपडी, वन, जलाधारहरू सबैमा युद्धको दुस्प्रभाव परेकाले कवि विस्मित देखिन्छन्। त्यतिबेला नदीमा जल लिन जाँदा कति बेला, कताबाट कुन शक्ति राष्ट्रले बम खसालि दिने हो, उक्त अवस्थाको कलात्मक चित्रण गरिएको छ। विवेच्य कवितामा युद्धोत्तर अवस्थामा पनि मानिसहरू सहजै घरबाहिर निस्कन सक्ने वातावरण निर्माण नभएको त्रसित वातावरणको अभिव्यञ्जना भएको छ। तत्कालीन समयमा युद्धमा सहभागी भएका शक्ति राष्ट्रहरूले छलछाम गरेर, लुकिछिपि कमजोर राष्ट्रमाथि आणविक हमला गरेका सन्दर्भलाई इङ्गित गर्दछ। तत्कालीन समयमा कुनै पनि गल्ती नगरेका मानिसहरू पनि आक्रमणको भयमा बाँच्नुपर्ने तथ्यलाई कविले प्रस्तुत गरेको देखिन्छ। त्यतिबेलाका मानिसहरू भयातुर जीवन बाँच्न अभिशप्त रहेका यथार्थको अभिव्यञ्जनाका लागि कविले दुर्वासाको श्रापको मिथकीय सन्दर्भलाई कवितामा प्रयोग गरेको देखिन्छ। शकुन्तलाको सामान्य त्रुटिका लागि दुर्वासाजस्तो ब्रह्म ऋषिले आफ्नो तपोबलबाट प्राप्त विशेष शक्ति प्रयोग गरेको प्रसङ्गले शक्ति राष्ट्रहरूले कमजोर र निरपराधी मानिसलाई आणविक आक्रमण गरेर तर्साएका र नरसंहार गरेका सन्दर्भलाई अभिव्यक्त गरेको छ। यस संसारमा युद्ध, आक्रान्त, कलहका विषयवस्तुको प्रतिबिम्बन मल्लका कवितामा पाइन्छ (श्रेष्ठ, २०२८, पृ. अनुल्लिखित) । विवेच्य कवितामा तत्कालीय युगीन सन्त्रासको यथार्थपरक वर्णन गरिएको छ।

दोस्रो विश्वयुद्धोपरान्तको अवस्थामा पनि मानव समाज डराएर बाँच्नुपरेको तथ्यलाई कविले सामान्यीकरण गरेका छन्। त्यतिबेला पनि वैश्विक परिवेश भयाक्रान्त रहेको प्रसङ्गलाई कविले सटीक किसिमबाट चित्रण गरेका छन्। उक्त परिवेशलाई जनाउनका लागि कविले यस्तो शब्दगुच्छ प्रयोग गरेका छन्,

गुलाफको फूलमा अहिले,
किन बारुदको गन्ध आउँछ ?
अङ्कमालमा मुटु किन,
बोल्दछ बमको आवाजझैँ ?
किन हरेक झाँगझाँगबाट
चितुवा लुकेझैँ शङ्का चियाउँछ ?
हरेक क्षण किन त्रास ओसारिएर
यस धरतीमा लहराउँछ ?
के भो यस धरतीको पानीमा (मल्ल, २०६३, पृ. २)।

उपर्युक्त साक्ष्यमा कविले यहाँका वनजङ्गल, बुट्यान, वनस्पति, लहरा, जलधारा वर्वर युद्धका कारण सबै बारुदमय भइसकेकाले डरलाग्दो परिस्थितिको निर्माण भएको तथ्यलाई वर्णन गरेका छन्। गुलाफको फूल कोमलता, सौन्दर्य र प्रेमको प्रतीकका रूपमा सामाजिक व्यवहारमा प्रयोग गरिन्छ तर तत्कालीन युद्धका बेलामा कहाँ कहाँ बम खसालिएको थियो यकिन गर्न गाह्रो थियो। त्यस्तो असहज परिस्थितिमा सबैतिर बारुदी गन्ध फैलिएकाले मानव जीवन नै धरापमा परेको भयाक्रान्त अवस्थालाई चित्रण गरिएको छ। समाजमा युद्ध, आतङ्क, अतिक्रमणका कारण मानव मानव र एक राष्ट्रले अर्को राष्ट्रलाई सहजै विश्वास गर्न नसक्ने अवस्थालाई यस साक्ष्यमा चित्रण गरिएको छ। सबैतिर शङ्का उपशङ्काका कारण कोही कसैसँग सहजै भेटघाट गर्ने, बातचित गर्ने र अङ्कमाल गर्न नसक्ने डरलाग्दो परिस्थिति निर्माण भएको तथ्यलाई कविले उजागर गरेका छन्। उपर्युक्त साक्ष्यमा तत्कालीन मानवका मानसिक अभिघातको अवस्थालाई कलात्मक किसिमबाट व्यक्त गरिएको छ। संसारभरि जताततै युद्ध, आतङ्क, आक्रमण, हत्या, हिंसाका कारण कवि निराश देखिन्छन्। कविको कमलो हृदयमा आघात पुगेको देखिन्छ। उनी उपर्युक्त साक्ष्यका माध्यमबाट पीडाको वीरेचन गरेको देखिन्छ। मान्छेले घातप्रतिघातका कारण सन्त्रासको अनुभूति गर्दछ। ऊ आफूलाई असुरक्षित र निरुपाय देख्तछ। सन्त्रासको सम्बन्ध कालचेतनासँग सम्बन्धित रहेको हुन्छ। व्यक्तिका मनमा उत्पन्न अन्यौलपूर्ण अवस्था सन्त्रासकै कारण कारण हुन्छ (सिंह, सन् १९८२, पृ. ७६)। उपर्युक्त साक्ष्यको माध्यमबाट कविले तत्कालीन समयको भयावह परिस्थितिको वर्णन गरेका छन्। यस्तो परिस्थितिमा मानव जीवन व्यर्थ र निरीह देखापर्दछ।

## दिक्दारीपनको अनुभूति

विश्वयुद्धले डामिएको मानवसमाजमा उराठलाग्दो अवस्था बनेको छ। बम, बारुद र आक्रमण एवम् हत्याहिंसाका कारण मानवजीवन दग्ध अवस्थामा पुगेकाले मानवसमाजमा दिक्दारीपन बढ्नु स्वाभाविकै हो। कवि स्वयम् पनि सोही समाजको सदस्य भएकाले तत्कालीन युगको तीतोपनबाट कवि अछुत नरहने प्रसङ्ग हो। कवि स्वयम् पनि युद्धोत्तर अवस्थाबाट पराजित र उराठिलोपनको अनुभूति गरेको तथ्यलाई कविताका निम्न शब्दगुच्छले प्रस्ट्याएको छ,

परिवर्तित हुन्छ त्यो पानी
रातो बाफिलो रक्तमा
तप्कन्छ यही औँलाको काप-कापबाट
त्यही रक्त बिस्तारै धरतीमा
म तिर्खाएको तिर्खायै,
शुष्क कण्ठ यस्सो उचाली
आकाशतिर ताक्तछु
फगत आकाशतिर ताक्तछु
अभिशप्त विवश, व्याकुल। (मल्ल, २०६३, पृ. १)।

उपर्युक्त साक्ष्यमा युद्धको दुस्परिणामका कारण यहाँका नदीनाला, जलाशय सबै रक्तरञ्जित भएकाले पिउने सङ्लो पानीसमेत नपाएर कविलाई दिक्क लागेको तथ्यलाई उजागर गरेको छ। संसारभरि चारैतिर मारकाट, हत्याहिंसाजस्ता जघन्य आपराधिक क्रियाकलाका कारण नदीमा पानीका साटो मान्छेका रातो र तातो रगत बगेको यथार्थलाई उपर्युक्त साक्ष्यले इङ्गित गरेको छ। संसारमा नरसंहारका कारण यति धेरै मानव रक्त प्रवाहित भयो कि नदीनालामा समेत रगतका धारा बग्न थाल्यो। कवि मल्ल उक्त अत्यासलाग्दो र घोर निराशाको अवस्था देखेर विरक्तिएका देखिन्छन्। उनी पिउनका निम्ति स्वच्छ पानीसमेत नपाएर आहत भएका तथ्यलाई कविताको उपर्युक्त साक्ष्यले पुष्टि गरेको छ। समकालीन नेपाली कवितामा कुण्ठा, हतासा, निराशा र विसङ्गतिपूर्ण जीवनको अभिव्यक्ति पाइन्छ (गौतम, २०८०, पृ. २३३)। कविताको प्रस्तुत अंशमा कविको दग्धमानसिकता र उदासीनताको अवस्थालाई उजागर गरिएको छ। कविले तत्कालीन समाजको मनोविज्ञान बुझेर तिनका अव्यक्त पीडालाई कविताका निम्न शब्दगुच्छमार्फत प्रस्तुत गरेका छन्,

किन आकाशका ताराहरू
हेर्दैनन् अहिले अनुहार आफ्नो
यस धरतीको पानीमा ?
किन नारसिस हुँदैन मोहित
आफ्नो छायाँको सौन्दर्यमा ?
के भो यस धर्तीको पानीमा
अचानक यस बिसौँ शताब्दीमा ?
म खोज्दै खोज्दै पुग्दैछु
विक्षिप्त पागलझैँ
पृथ्वीका सारा नदीहरूमा
गङ्गा, भोल्गा, ह्वाँग-हो
मिसिसिपि अम्याजाँ, नाइल
जताततै बदलिन्छ पानी
अकस्मात् रक्तमा (मल्ल, २०६३, पृ. २)

उपर्युक्त साक्ष्यले संसारभरि नै रक्तपातजन्य आक्रमण, हिंसा व्याप्त भएकाले कवि सारा संसारलाई नै सारहीन देख्तै अस्तित्वको खोजीमा लागेका देखिन्छन्। संसारभरिका नदीनाला रक्तरञ्जित भएका तथ्यलाई उपर्युक्त साक्ष्यले प्रस्ट्याएको छ। प्राकृतिक जलधारासमेत रक्तरञ्जित भएको देखेर कविमन आहत भएको छ। उनी आफ्ना वरिपरि सर्वत्र केवल रक्तधारा मात्र देख्नुपर्दा उनमा तत्कालीन जीवनजगत्प्रति नै घोर निराशाको

भाव गुम्फित भएको देखिन्छ। त्यस्तो हिंसाजन्य वातावरणमा कविको हृदयमा ठेस लागेर कवि विक्षिप्तताको अनुभूति गरेको सन्दर्भलाई उपर्युक्त साक्ष्यले उजागर गरेको छ।

**व्याकुलताको बोध**

विश्वयुद्धोत्तर अवस्थामा मानवसमुदाय निकै नै व्याकुल अवस्थामा रहेको थियो। तिनमा छटपटी, बेचैनी, मनमा विकलताको परिस्थिति उत्पन्न भएको थियो । तद्युगीन मानवका बेचैनी र असहज परिस्थितिलाई कविले बोध गरेर आफ्ना कवितामा यसरी व्यक्त गरेका छन्,

के भो यस धरतीको पानीमा
बाघले मृगलाई मार्दै पछारेझैँ
नदीका किनार-किनारमा
रगत त्यसैको मुछिई बगेझैँ,
किन रातो पन छ यस पानीमा ? (मल्ल, २०६३, पृ. २) ।

उपर्युक्त साक्ष्यमा कविलाई विश्वयुद्धका कारण रक्तरञ्जित मानवसमाज देखेर साह्रै नै अत्यास लागेको सन्दर्भलाई उजागर गरिएको छ। यस साक्ष्यमा वैश्विक परिवेश नै रक्ताम्य भएकाले कविलाई उकुसमुकुस भएर निस्सासिएको अवस्थाको अनुभूति भएको देखिन्छ। उनी स्वच्छन्द रूपमा सास फेर्न नपाए पनि त्यस्तो अवस्थामा बाँच्न भने विवश देखिन्छन् । उनले बयल सिद्धान्तको अवधारणालाई अगाडि सार्दै बाघ र मृगको प्रतीकीरकण गरेका छन् । शक्तिशाली राष्ट्रले आफ्नो सामरिक बलको प्रयोग गरेर कमजोर राष्ट्रमाथि आक्रमण गरी कमजोर राष्ट्रका भौतिक संरचनाका साथै तिनका जिउधनको संहार गरेकाप्रति कवि क्षुब्ध देखिन्छन् र व्याकुल भएका छन् । यस धर्तीका नदीनाला हत्याहिंसाका कारण रक्तरञ्जित भएकाले कोही पनि नुहाउन सक्ने वातावरण नरहेकोले कवि छटपटिएका हुन् । यस साक्ष्यमा कविको मानसिक अवस्थामा आघात पुगेको देखिन्छ र असह्य भएर उपर्युक्त पङ्कति वीरेचन गरेका हुन् भन्न सकिन्छ । सामाजिक बेथिति, विसङ्गति चरम चुलीमा पुगेको, मानवताको क्षयीकरण पनि पराकाष्ठामा पुगेको बेला कविहृदयमा ठेस पुगेकाले उनी व्याकुल बनेको पुष्टि हुन्छ। कविताको विवेच्य साक्ष्यमा कविको चरम विसङ्गतिबोधको अनुभूति भएको तथ्य उजागर भएको छ । विसङ्गतिपरक कृतिमा व्यथा-व्याकुलता र दुःखजस्ता कुराहरू निरन्तर रूपमा आइरहन्छन् । मान्छे दुःखको भुमरीमा परेको बेला आफ्नो जीवनलीला समाप्त नगरी अझ बढी दुःख, कष्ट र पीडा सहेर भए पनि जीवन भोग्दछ। ऊ यस्तो कष्टकर र दुसाध्य जीवन बाँच्न विवश हुन्छ (गुप्त, सन् १९७५, पृ. ८५) । वास्तवमा व्यथा भनेको मानवअस्तित्व नभएको शून्यता र सन्त्रासको अवस्था हो । मानवअस्तित्व ह्रासोन्मुख अवस्थामा रहेको बेला कविमा व्याकुलताको भाव उत्पन्न हुनु स्वाभाविक देखिन्छ। यसले अन्यौलपूर्ण वर्तमान र अन्धकार पूर्ण भविष्यको अनिश्चिततालाई इङ्गित गर्दछ। यस्तो परिस्थितिमा मानिस उदासीन हुन्छ। जीवनप्रति कुनै रागभाव बाँकी रहँदैन र चरम विसङ्गति बोध हुन्छ। जीवनभोगाइका क्रममा व्याकुलताको अनुभूति हुनु आजको मानिसको नियति नै बनेको छ। मानसिक सन्तापले व्याकुलतालाई बोध गराउँछ र यसले विसङ्गत

परिस्थितिलाई द्योतन गराउनमा सहकार्यको भूमिका निर्वाह गर्दछ। व्याकुलता यस्तो मानसिक दग्धको अवस्था हो जसले मानिसलाई स्वस्थ रहने अवसरबाट वञ्चित गराउँदछ । हत्याहिंसाका कारण कविमा व्याकुलताको भाव उत्पन्न हुनु स्वाभाविक हो।

**विवशताको चेत**

महायुद्धका कारण विश्व मानवसमाज छटपटिएको अवस्थामा कवि बाँच्न विवश छन्। उनले अनिच्छित जीवन बाँचिरहेको सन्दर्भलाई यस कवितामार्फत प्रस्तुत गरेका छन्। कवि विजय मल्लले विश्वयुद्धले जन्माएको युगीन बेथितिप्रति असन्तुष्टि व्यक्त गरेका छन्। विश्वयुद्धले सामाजिक तथा मानवीय मूल्यमान्यताहरू माथि अतिक्रमण गरेर बेथिति जन्माएको तथ्यलाई यस कविताको माध्यमबाट व्यक्त गर्न खोजिएको छ। विश्वयुद्ध र उक्त युद्धले निम्त्याएको विकृति, विसङ्गति, मानवीय कमी कमजोरीबाट कवि दुखित भएका देखिन्छन्। संसारभरि जतातत‍ै अराजकता, वैमनस्यता, धोखाधडीजस्ता डरलाग्दा बेथितिलाई कविले यसरी व्यक्त गरेका छन्,

कुनै सुनकेशरी मैयाँ नुहाउँदिनन् अब
यस बीसौँ शताब्दीको जलमा
बगरेखानाबाट धारो छुटेझैँ
के सारा नदीका मुहान भए रक्तरञ्जित ?
म तिर्खाएको तिर्खायै
शुष्क कण्ठ यस्सो उचाली,
आकाशतिर ताक्तछु
फगत आकाशतिर ताक्तछु–
अभिशप्त, विवश, व्याकुलता।
के भो आज यस धरतीको पानीमा
अचानक यस व्यापक महान् ?
बीसौँ शताब्दीमा ? (मल्ल, २०६३, पृ. २–३)।

उपर्युक्त साक्ष्यमा कविको विवश जीवन बचाइलाई कलात्मक तरिकाले व्यक्त गरिएको छ। दोस्रो विश्वयुद्धमा यति धेरै मानिस मारिए की यहाँका नदीनाला रक्ताम्य भएका थिए। यहाँका नदीनाला रक्तरञ्जित भएकाले सुनकेशरी मैयाँलगायत कोही पनि मानिस उक्त जलमा नुहाउन नसक्ने तथ्यलाई उजागर गरिएको छ। त्यतिमात्र नभएर तत्कालीन संसार नै बीभत्सपूर्ण नरसंहारका कारण बगरेखानाजस्तै बनेको तथ्यलाई उजागर गरिएको छ। कविले उक्त वर्वरतापूर्ण दृश्यलाई प्रतीकीकरण गरेर प्रस्तुत गरेको देखिन्छ। बगरेले बधशालामा

पशुलाई निर्ममतापूर्वक काटेझैँ मानिसले मानिसलाई नरसंहार गरेको देखेपछि कविमा वितृष्णाको भाव उत्पन्न भएको देखिन्छ। उनले धरामा पिउनका लागि कन्चन जलसमेत बाँकी नरहेको वास्तविकतालाई यहाँ प्रस्तुत गरेका छन्। संसारका सारा नदीका मुहान नै रक्तरञ्जित भएपछि कवि निकै उदास र निराश देखिन्छन्। उनी त्यस्तो समयमा पनि बाँच्न विवश रहेका छन्। महायुद्धले गर्दा मानव र जीवनका बिचमा कताकति विच्छेदनको अवस्था उत्पन्न भएको कविले महसुस गरेको देखिन्छ। सबैतिरका मुहान र नदीनालामा पानीको साटो मानवका रगत बगेको देखेर कवि निकै चिन्तित देखिन्छन्। उनी कतै केही आशा नदेखेर जीवनप्रति नै घोर निराशाको बोध भएको स्पष्ट छ। कवि आफू उभिएको धर्ती नै मानव रगतले लतपतिएको देखेर उनी शून्य आकाशतिर हेर्छन्। विश्वको आततायी अवस्था देखेर कविमा विवशताको अनुभूति भएको पुष्टि हुन्छ। अल्बर्ट कामुका अनुसार यस संसारमा मानिस एक्लो छ र ऊ अर्थहीन रूपमा फ्याँकिएको छ। मानिस र जीवनका बिचमा विच्छेदन भएको अवस्थामा पनि मानिस बाँच्न विवश रहेको आशयलाई उनले व्यक्त गरेको देखिन्छ (अब्राम्स र हार्फाम, सन् २०१२, पृ.१)। कवि मल्ल विश्वको मानवीय दुरुहताको अवस्था देखेर विवश बाँचेको सन्दर्भलाई कविताको प्रस्तुत साक्ष्यले पुष्टि गरेको छ।

## निष्कर्ष

प्रस्तुत कवितामा कवि विजय मल्लले द्वितीय विश्वयद्धोत्तर भयावह परिस्थितिमा मानव समाजमा त्रसित र घोर निराशामा बाँचिरहेको यथार्थलाई अभिव्यक्त गरेका छन्। महायुद्धमा भएका आणविक आक्रमण, साङ्घातिक हमला, हत्याहिंसा, बम विस्फोटन, आगजनी तथा बारुदी प्रयोग एवम् गन्धका कारण संसारभरि नै सन्त्रास फैलिएको वास्तविकतालाई कवि मल्लले कलात्मक प्रस्तुति दिएका छन्। युद्धजन्य विभीषिकाका कारण मानवीय मूल्यमान्यता ह्रास भई मानवता तिरोहित भएको बेला मानवसमुदाय छटपटिँदै निरर्थक जीवन बाँचिरहेको यथार्थलाई कवितामा सम्प्रेषण गरिएको छ। शक्तिशाली राष्ट्रले कमजोर राष्ट्रमाथि अनाहकमा आक्रमण गरी निरपराधी मानव समुदायको नरसंहार गरेकाप्रति कविको आपत्ति पनि रहेको छ। द्वितीय विश्वयुद्धका कारण ठुलो मात्रामा मारकाट, हत्याहिंसा भएकाले धर्तीका जलाधारका मुहानसमेत रक्तरञ्जित भएकाले पिउने पानीसमेतको अभाव भएको कविको ठहर छ। त्यतिमात्र नभएर नदीनाला, सागरमा सङ्लो पानीको साटो रगत प्रवाहित भएकाले तिनमा नुहाइधुवाइ गर्नसमेत असहज भएको तथ्यलाई कविले यस कवितामार्फत व्यक्त गरेको देखिन्छ। अत्यधिक गोलाबारुदको प्रयोगका कारण यहाँका वनस्पति, बुट्यान र लहरादिसमेत विषाक्त भइसकेको र सहजै हिँडडुल गर्नसमेत डरलाग्दो अवस्था रहेको तद्युगीन यथार्थलाई व्यक्त गरिएको छ। कविले मानव मानवका बिचमा अविश्वास तथा घातप्रतिघात, बेइमानीपन र शक्तिराष्ट्रलाई नै आक्रामक, हिंस्रक एवम् रक्तपिपासु चितुवाको संज्ञा दिएका छन्। युद्धोत्तर अवस्थामा पनि मानिस अभिशप्त जीवन बाँच्न विवश रहेको यथार्थलाई अभिव्यक्त गरिएको छ। यस कवितामा मानवको एक्लोपनको अनुभूति, बेसहारापनको महसुस, अर्थहीन जीवन भोगाइ, मानव र जीवनका बिचमा विच्छेदन, मानवमा घोर निराशा व्याप्त रहेको, निस्सार जीवन बाँचिरहेको चरम विसङ्गतिबोध भएको विषयवस्तु अभिव्यञ्जित छ। कविलाई युद्धोत्तर समय निकै भयावह लागेर उकुसमुकुसको अनुभूति गरेर सास फेर्नसमेत अप्ठ्यारो महसुस गरेर घरिघरि शून्य आकाशतिर हेर्ने प्रसङ्गले कवि मल्लमा शून्यताको अनुभूति भएको भनी अर्थ्याउन सकिन्छ। मानवीय सं

वेदना, मूल्यमान्यता तिरोहित भएको अवस्थामा मान्छेले आफ्नो जीवनलाई नै बोझ ठानेर चरम असङ्गतिको माझमा पनि बाँच्नुपर्ने यथार्थको प्रतिबिम्वन भएको यस कवितामा विसङ्गतिवादी चेत प्रखर रूपमा मुखरित भएको छ। विसङ्गतिवादी दृष्टिकोणबाट 'यस धरतीको पानीमा' शक्तिशाली कविता हो भन्ने तथ्य पुष्टि भएको छ।

**सन्दर्भसामग्री**


गुप्त, लालचन्द (सन् १९७५). *अस्तित्ववाद और नयी कहानी.* दिल्ली : शोधप्रबन्ध प्रकाशन।

गौतम, लक्ष्मणप्रसाद (२०६६/२०८०). *समकालीन नेपाली कविताका प्रवृत्ति.* (द्वितीय संस्क). काठमाडौँ : पैरवी प्रकाशन ।

जोशी, कुमारबहादुर (२०३८/२०५४) *पाश्चात्य साहित्यका प्रमुख वाद.* पुलचोक : साझा प्रकाशन।

त्रिपाठी, वासुदेव (२०३०/२०५८). प*ाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २.* (तृतीय संस्क.पुनर्मुद्रण), ललितपुर : साझा प्रकाशन ।

मल्ल, विजय (२०२८/२०६३).*विजय मल्लका कविता.* पुलचोक : साझा प्रकाशन।

लामिछाने, यादवप्रकाश (२०६३). *आधुनिक नेपाली उपन्यासमा विसङ्गतिबोध.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

शर्मा, ब्रजमोहन (सन् १९९१). *कथा लेखिका मन्नु मण्डारी.* दिल्ली : कादम्बरी प्रकाशन।

श्रेष्ठ, सिद्धिचरण (२०२८/२०६३). परिचय, *विजय मल्लका कविता.* (तेस्रो संस्क.). पुलचोक : साझा प्रकाशन, पृ. अनुल्लिखित।

सिंह, शुकदेव (सन् १९८२). *प्रेमचन्द्रोत्तर कथा साहित्य में अस्तित्ववाद.* पटना : अनुपम प्रकाशन।

सुवेदी, अभि (२०५५). विसङ्गतिवाद, *नेपाली साहित्यकोश.* ईश्वर बराल र अन्य (सम्पा.), काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, (पृ. ७५२–७५४)।

Abrams, M.H. & Harpham, G.L. (2005/2012). Absurd, *A Glossary of Literary Terms*. 10th edn. USA : Wadsworth, p.1.

Arinz, A.T.& Onwuatuegwa, I.N. (2020), The Notion of Absurdity and Meaning of life in Albert Camus Existentialism, *Scientific Research Publishing*. 10, p.528–538 https://doi.org/10.4236/ojpp.2020.104037.

Bhandekar, P.N. (2023). The shed light on absurdism, *IJCRT* vol.11, issue 2, p.c491–c494.